# COVID-19 सम्बन्धी निकायको तथ्य पाना

The Department of Children, Youth, and Families (DCYF) ले यो तथ्य पाना मे 27, 2020 मा अद्यावधिक गर्यो। DCYF ले आवश्यकता अनुसार यस कागजातलाई अद्यावधिक गर्न जारी राख्नेछ। थप जानकारीका लागि **dcyf.wa.gov** मा जानुहोस्।

COVID-19 को फैलिने क्रमलाई रोक्नको लागि, DCYF ले हाम्रा सबै भवनहरूमा सार्वजनिक सभाकक्षहरू बन्द गरेको छ र व्यक्तिगत रूपमा व्यवसाय सञ्चालन गरिरहेको छैन।

**व्यक्तिगत सुरक्षात्मक उपकरण (PPE)**

- यसमा पञ्जा, मास्क, गाउन, जुत्ता र अनुहार मास्कहरू समावेश हुन्छन्।
- DCYF ले PPE प्राप्त गर्यो र 24/7 सुविधास्थलहरूमा र COVID-19 भाइरसको सम्भावित जोखिममा रहेका कर्मचारीहरूलाई यो उपलब्ध गराइरहेको छ। हामीलाई थप PPE आवश्यक हुन्छ भन्ने थाहा छ र हामी थप प्राप्त गर्ने प्रयास गरिरहेका छौं।

## पारिवारिक सहायता कार्यक्रमहरू

### गृह भेट

- मार्चमा, DCYF ले गृह भेट गर्ने प्रदायकहरूलाई व्यक्तिगत भेटहरू नगर्न र यसको सट्टामा भिडियो वा टेलिफोन भेटहरू प्रस्ताव गर्न अनुरोध गरेको छ। अप्रत्यक्ष भेटहरू जुन 30 सम्म जारी रहन सक्छन्। केही गृह भेट गर्ने प्रदायकहरूले भिडियो वा वेबमा आधारित भेटहरू प्रयोग गर्छन् र टेलिफोन गर्छन्, इमेल वा पाठ पठाउँछन्। केही प्रदायकहरूले परिवारहरूलाई सुरक्षित दूरीमा उपकरण प्रदान गरिरहेका छन्।
- DCYF ले Home Visiting Service Account (HVSA) द्वारा कोष उपलब्ध कार्यक्रमहरूलाई जुन 30 सम्म व्यक्तिगत भेटहरू नगर्न अनुरोध गर्यो।
    - यस समयावधिमा, DCYF ले सबै आवश्यकताहरू पूरा नगरेता पनि, मान्य खर्चहरूका सबै मूल्य भुक्तानी गर्नेछ।

**Early Support for Infants and Toddlers (ESIT)**

- प्रारम्भिक मध्यवर्ती प्रदायकहरूले जुन 30 सम्म फोन र भिडियो कलहरू प्रयोग गर्दैछन्, जसकारण भेटहरू बालबालिका र प्रदायकहरूबीच सुरक्षित तरिकाले जारी राख्न सकिन्छ।

## बाल कल्याण

### इन्टेक लाइन

- DCYF ले यसको टोल-फ्री 24/7 दुर्व्यवाहर तथा लापरवाही हटलाइन 1-866-363-4276 सञ्चालन गर्न जारी राख्छ।

Washington State Department of
CHILDREN, YOUTH & FAMILIES

## भेट

- DCYF ले व्यक्तिगत भेटहरू पुनः आरम्भ गर्दैछ र COVID-19 को महामारीको अवधिमा, अप्रत्यक्ष र व्यक्तिगत भेटहरूको संयोजन मार्फत भेटहरू उपलब्ध गराउन सकिनेछ।
- बालबालिकाहरूको सुरक्षा सुनिश्चित गर्नको लागि, DCYF ले व्यक्तिगत रूपमा बाल दुर्व्यवहार वा लापरवाहीका रिपोर्टहरू अनुसन्धान गर्न जारी राख्छ।
- DCYF ले प्रदायकहरूलाई सबै सहभागीहरूका भेटहरूलाई सकेसम्म सुरक्षित बनाउनको लागि DOH स्वास्थ्य मार्गदर्शन र प्रोटोकलहरूको पालना गर्न अनुरोध गर्यो।

## फोस्टर स्याहार सम्बन्धी अनुमति-पत्र प्रदान

- DCYF ले कार्यक्रम र परिवारहरूलाई सहायता पुर्याउनको लागि आकस्मिक फोस्टर स्याहार छूट र अपवाद प्रक्रिया सिर्जना गर्यो।
  - यदि तिनीहरूले COVID-19 को अवधिमा वाशिङ्गटन प्रशासनिक आचार-संहिता (Washington Administrative Code) का आवश्यकताहरू पूरा गर्न सक्दैनन् भने, फोस्टर स्याहार प्रदायकहरूले उपलब्ध विकल्पहरूको बारेमा छलफल गर्नको लागि आफ्नो क्षेत्रीय अनुमति-पत्र प्रदान गर्ने व्यक्तिलाई सम्पर्क गर्नुपर्छ।
  - फोस्टर अभिभावक बन्ने सम्बन्धी जानकारी प्राप्त गर्नको लागि 1-888-543-7414 मा फोन गर्नुहोस्।
- DCYF ले सबै प्रदायकहरूलाई DOH र गभर्नरको सुझावमा निर्धारण गरिएअनुसार समाजिक दूरी राख्न अनुरोध गर्यो।

## पृष्ठभूमि जाँचहरू

DCYF ले काम पूरा गर्न लाग्ने समय कम गर्न, अवरोधहरूलाई सुरक्षित तरिकाले हटाउन र बालबालिकाहरूलाई स्याहार उपलब्ध गराउन सक्ने मानिसहरूको मूल्याङ्कन गर्न बाल कल्याण र प्रारम्भिक अध्ययन कार्यक्रमहरूका लागि पृष्ठभूमि जाँचहरूमा परिवर्तनहरू गर्यो।

# बाल स्याहार

- बाल स्याहार केन्द्र र पारिवारिक गृह प्रदायकहरूले प्रत्येक कोठामा बालबालिका र वयस्कहरू सहित कूल 10 जनाभन्दा बढी मानिसहरू राख्नु हुँदैन। यदि केन्द्रमा एउटाभन्दा बढी समूह छुट्याउने ठाउँ छ भने, तिनीहरूले उक्त कार्य गर्न सक्छन्।
- प्राथमिक उत्तरदाता र अत्यावश्यक कामदारहरूलाई बाल स्याहार (परिचारिका, चिकित्सक, कानून प्रवर्तन, आगलागी सुरक्षाकर्मी, चिकित्सा सहायक र सामाजिक कार्यकर्ताहरू) आवश्यक पर्छ। DCYF ले समुदायका आवश्यकताहरूको आधारमा प्रदायकहरूलाई अत्यावश्यक सूचीमा रहेका परिवार र सबैभन्दा कमजोर बालबालिकाहरूलाई सेवा प्रदान गर्न सिफारिस गर्छ।
- DCYF ले बाल स्याहार प्रदायकहरूलाई CARES Act अन्तर्गत सहायता उपलब्ध गराइरहेको छ। प्रदायकहरूले **wacompass.force.com/PP_LoginPage** मा गएर जुन 30 सम्म वा वित्त व्यवस्था शून्य नहुँदासम्म अनुदान वित्त व्यवस्थाको लागि आवेदन दिन सक्छन्।

**बाल स्याहार अनुदान**

- DCYF ले क्रियाकलापहरूका लागि नियमहरू परिवर्तन गर्दैछ जसकारण परिवारहरूले यस समयमा बाल स्याहार पहुँच गर्न सक्छन्।
  - परिवारहरूले स्याहारका लागि हरेक 12 महिनामा पुनः प्रमाणित गर्नुपर्छ र योग्यताको लागि आवश्यकताहरू हुन्छन्। DCYF ले नियमहरूलाई लचिलो बनाउँदैछ जसकारण परिवारहरू योग्य रहन सक्छन्।
  - परिवारहरूले आवश्यक गरिएको समयमा पुनः आवेदन दिनुपर्छ र आफ्ना परिस्थिति र क्रियाकलापहरूको बारेमा रिपोर्ट गर्नुपर्छ।
  - हामी परिवारहरूलाई योग्यता कायम राख्नको लागि पुनः आवेदन दिन प्रोत्साहन गर्छौं जसकारण तिनीहरूले बाल स्याहार आवश्यक हुँदा पहुँच गर्न सक्छन्।
  - DCYF ले Working Connections Child Care प्राप्त गर्ने परिवारहरूलाई अप्रिल, मे र जुनका सह-भुक्तानीहरू छूट गरेको छ। DCYF ले प्रदायकहरूलाई परिवारले भुक्तानी गरेको आधारभूत दर र सह-भुक्तानी रकम सहित सम्पूर्ण रकम भुक्तानी गर्नेछ।

**Early Achievers का सहभागीहरू**

- Early Achievers मा सहभागी हुने प्रदायकहरूले गुणस्तर सुधार अवार्ड र आफ्नो नामांकनमा आधारित भुक्तानीमा जोडिएका व्यवस्थित क्षतिपूर्ति दरहरू प्राप्त गर्न जारी राख्नेछन्। गभर्नर Inslee ले यिनीहरूको भुक्तानीमा असर नपार्ने Early Achievers का समयसीमा र आवश्यकताहरूसँग सम्बन्धित कानूनहरूलाई छूट गर्नुभयो।

### Juvenile Rehabilitation (JR)

- DCYF ले व्यक्तिगत भेटहरूलाई भिडियोमा आधारित भेटहरूद्वारा प्रतिस्थापन गर्यो।
- 24/7 सुविधास्थलहरूमा प्रवेश गर्ने सबै कर्मचारी र विक्रेताहरूले COVID-19 का लक्षणहरूको पूर्व-परीक्षण गरेको हुनुपर्छ।
- JR भवनमा प्रवेश गर्नुअघि, कर्मचारी, विक्रेता र ठेकेदारहरूलाई लक्षणहरू देखिएको कसैसँग सम्पर्कमा आउनुभएको छ वा छैन भनी सोधिन्छ।
- सबै कर्मचारी, निवासी र ठेकेदारहरूले सुविधास्थलहरूमा प्रवेश गर्दा आफ्ना हातहरू धुनुपर्छ।
- हामीले नियमित रूपमा सुविधास्थलहरू, विशेषगरी उच्च सम्पर्कका क्षेत्रहरूलाई किटाणुरहित बनाउँछौं।
- सबै निवासीहरूले आफूले ठीक महसुस नगरेमा तुरुन्तै कर्मचारीलाई जानकारी गराउनुपर्छ।
- यदि कोही बिरामी भएमा, कर्मचारीले तुरुन्तै चिकित्सा प्रदायकलाई सम्पर्क गर्नुहुनेछ र परिवारलाई जानकारी गराउनुहुनेछ।

## सम्पर्क गर्नुहोस्

कृपया कुनै पनि जिज्ञासा भएमा DCYF वेबसाइटमा रहेको हाम्रो सम्पर्क जानकारीमा जानुहोस् वा **dcyf.covid-19@dcyf.wa.gov** with any questions.

यदि तपाईंले यस कागजातका प्रतिलिपिहरू वैकल्पिक ढाँचा वा भाषामा चाहनुहुन्छ भने, कृपया DCYF Constituent Relations (1-800-723-4831 | 360-902-8060, **ConstRelations@dcyf.wa.gov**) मा सम्पर्क गर्नुहोस्।

DCYF PUBLICATION COMM_0078 (05-29-2020) NEPALI (नेपाली) – NE

Washington State Department of CHILDREN, YOUTH & FAMILIES